**अनुसूची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ६  संख्या : ३  प्रमाणिकरण मिति:२०८०।१०।१२  प्रकाशन मिति:२०८०।१०।२४

## भाग - १

### भजनी नगरपालिका नगर प्रहरी (व्यवस्थापन) ऐन, २०८०

**प्रस्तावना :** नगर भित्र शान्ति तथा सुव्यवस्था कायम गर्न नगर प्रहरीको व्यवस्था गर्न बाञ्छनीय भएकोले, भजनी नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम,विस्तार र प्रारम्भ:** (१) यस ऐनको नाम "भजनी नगरपालिका, नगर प्रहरी (व्यवस्थापन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन भजनी नगर क्षेत्र भित्र लागु हुनेछ ।

(३) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "भजनी नगरपालिका, नगर प्रहरी (व्यवस्थापन) ऐन, २०८०" लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले भजनी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले भजनी नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "नगर प्रहरी" भन्नाले नगर प्रहरीका विभिन्न पद तथा तहमा रही कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(ङ) "परिवार" भन्नाले नगर प्रहरीसंग बस्ने निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अबिबाहित छोरी, धर्मपुत्र, अबिबाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमालाई सम्झनु पर्दछ र सो शब्दले पुरुष र अबिबाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा बिबाहिता महिला कर्मचारीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(च) "प्रदेश" भन्नाले सुदुरपश्चिम प्रदेशलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख" भन्नाले भजनी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "सभा" भन्नाले भजनी नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(न्य) "शाखा" भन्नाले भजनी नगरपालिका नगर कार्यपालिका अन्तर्गतका बिषयगत शाखा, उपशाखा, इकाई र सेवा केन्द्र सम्झनु पर्दछ ।

## परिच्छेद–२

## नगर प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. **नगर प्रहरीको गठन:** (१) नगरपालिका अन्तर्गत एक नगर प्रहरी इकाई गठन गरिनेछ र उक्त इकाइमा रहने नगर प्रहरीको पद देहाए बमोजिम हुनेछ ।

(क) नगर प्रहरी सहायक निरिक्षक

(ख) नगर प्रहरी हवल्दार

(ग) नगर प्रहरी जवान

(२) आवश्यकता अनुसार नगर प्रहरीको दरबन्दी सृजना तथा खारेजी कार्यपालिकाको सिफारिसमा नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख प्रसासकिय अधिकृतको हुनेछ ।

(४) नगरकार्यपालिकाको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

(५) नगर प्रहरीको नियुक्ति करारमा गर्न सकिनेछ। नगर प्रहरी कर्मचारीहरुको लागि लिईने करार सेवाको पदमा शत प्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

४. नगर प्रहरीको नियुक्ति, सेवा र शर्त सम्बन्धी ब्यवस्था:(१) नगर प्रहरीको विभिन्न पदमा भर्ना हुनको लागि आवश्यक योग्यता, परीक्षाको किसिम र छनौट प्रकृया तोकिए बमोजिम हुनेछ ।

(२) नगर प्रहरी पदपूर्ति गर्दा पूर्ति गरिने संख्याको पैंचालिस प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बिच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई समानुपातिक समाबेशी सिद्धान्तका आधारमा पदपूर्ति गरिनेछ र बाँकी ५५ (पचपन्न) प्रतिशत खुल्ला प्रतियोगिताबाट पूर्ति गरिनेछ ।

(क) महिला ३३ प्रतिशत

(ख) दलित१४ प्रतिशत

(ग) थारु १३ प्रतिशत

(घ) आर्थिक रुपले बिपन्न खस आर्य ११ प्रतिशत

(घ) आदिबासी/ जनजाति ११ प्रतिशत

(ङ) पिछडीएको क्षेत्र ११ प्रतिशत

(छ) मधेशी ४ प्रतिशत

(ज) मुस्लिम ३ प्रतिशत

५. **नगर प्रहरीको पारिश्रमिक, भत्ता तथा सुविधा:** विभिन्न पद तथा तहमा रहने नगर प्रहरीको तलब, भत्ता र सेवाका शर्तहरु नगरपालिकाका समान तहमा कार्यरत कर्मचारीको सरह हुनेछ । नगर प्रहरीलाई कार्यपालिकाको निर्णय अनुसार थप सेवा सुबिधा प्रदान गर्न सकिनेछ ।

६. **नगर प्रहरीको काम, कर्तब्य र अधिकार :** नगर प्रहरीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णयहरुको कार्यान्वियन गर्ने;

(ख) नगरपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वियन गर्ने;

(ग) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने;

(घ) नगरपालिकामा हुने सभा, समारोह, परम्परागत जात्रा तथा चाडपर्वको सुरक्षा तथा व्यवस्थापन गर्ने र सामाजिक कुरीतिहरुको नियन्त्रण तथा रोकथाम गर्ने,

(ङ) नगरपालिका भित्र बजार, तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने;

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयहरुको कार्यान्वियन गर्ने,

(छ) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र

सुरक्षा गर्ने;

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोज तथा उद्धार, राहत तथा पुनर्स्थापनाको कार्यमा परिचालित हुने,

(झ) नगरक्षेत्र भित्र आगलागी जस्ता आपत्कालीन घटना नियन्त्रण कार्यमा उपलब्ध जनशक्ति, दमकल लगायतका अन्य स्रोत साधन सहित तत्काल परिचालित हुने;

(ञ) अनाधिकृत विज्ञापन, भित्तेलेखन, तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने;

(ट) छाडापशुचौपायाकोनियन्त्रणरव्यवस्थापन गर्ने;

(ठ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति माथीको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने;

(ड) नगरपालिका तथा वडा कार्यालयहरुको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउने;

(ढ) नगरपालिकाले आयोजना गरेका कार्यक्रमहरुमा आवश्यक शान्ति, सुरक्षा तथा व्यवस्थापन गर्ने,

(ण) पर्यटन मैत्री भई पर्यटक तथा बटुवाहरुलाई यथासम्भव आवश्यक तथा उपयुक्त सूचना र सेवा प्रदान गर्ने;

(त) स्वास्थ्यका लागि हानीकार चिज बस्तु, अखाध्य तथा सडेगलेका खाद्य पदार्थको बिक्रि बितरणमा रोक लगाउन सहयोग गर्ने,

(थ) सम्बन्धित शाखाको समन्वयमा व्यवसायीलाई करको दायरा भित्र ल्याउन, राजश्व संकलनमा सहयोग गर्ने, करदाताहरुलाई राजश्व तिर्न प्रेरित गर्ने,

(द) कार्यपालिकाले समय समयमा तोकेको अन्य कार्यहरु गर्ने ।

(२)उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा नगरपालिकाको प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडा अध्यक्ष र शाखा प्रमुखसंग समेत आवश्यकता अनुसार समन्वय गर्नु नगर प्रहरीको कर्तब्य हुनेछ|

## परिच्छेद–३
## नगर प्रहरीको पदपूर्ति सम्बन्धी ब्यवस्था

७. **पदपूर्ति समितिको गठन:** (१) नगरपालिकामा नगर प्रहरीको पदपूर्ति गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृतः-अध्यक्ष

(ख) नेपाल प्रहरीको स्थानीय सुरक्षा निकायको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको प्रहरी कर्मचारी एकजनाः- सदस्य

(ग) नगरपालिकाको प्रशासन शाखा प्रमुखः- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नगर प्रहरी वा संस्थागत सेवा प्रदायक छनौट गर्ने क्रममा नगरपालिकाका अन्य कर्मचारीहरुको सहयोग लिन सक्नेछ ।

(३) पदपूर्ति समितिमा आवश्यकतानुसार खास चरणहरुमा मनोविज्ञानवेत्ता लगायत उपयुक्त विषय – विज्ञहरुलाई आमन्त्रण गर्नस किनेछ ।

४) शारिरीक परिक्षणको क्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल , नेपाली सेनाबाट विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(५) पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिई सपथ ग्रहण गराउनु पर्नेछ।

८. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पदपूर्ति गरिने पदको प्रतिशत अनुसार संख्या निर्धारण गर्ने,

(ख) पदपूर्तिका सुचना प्रकाशित गर्ने,

(ग) पदपूर्तिका लागि लिखित, शारीरिक तन्दुरुस्ती तथा स्वास्थ्य परिक्षण र अन्तरवार्ता परीक्षाको कार्यतालिका बनाउने;

(घ) परीक्षा संचालन गर्ने गराउने तथा नतिजा प्रकाशन गर्ने,

(ङ) योग्यताक्रम अनुसार नियुक्तिका लागि नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने ।

(२) पदपूर्ति समितिले आफ्नो कामको सिलसिलामा संघीय तथा प्रदेश सुरक्षा निकायको प्रचलित कानूनका सामान्य सिद्धान्तलाई पालना गर्नु पर्नेछ ।

## परिच्छेद–४

## नगर प्रहरीको योग्यता तथा आचरण सम्बन्धी ब्यवस्था

९. **नगर प्रहरीको योग्यता: नगर प्रहरीको योग्यता देहाय बमोजिम हुनेछः** (१) प्रहरी सहायक निरीक्षकको योग्यता देहाय बमोजिम हुनेछः

(क) सेवा करार मार्फत पदपूर्ति गर्दा उमेर हद १८ बर्ष पुरा भइ ४५बर्ष ननाघेको नेपाली नागरीक ,

(ख) मान्यता प्राप्त विद्यालयबाट कम्तिमा प्रबेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरेको,

(ग) प्रहरी सहायक निरीक्षकका लागी सुरक्षा निकायमा कम्तिमा ५ वर्ष सेवा गरी सुरक्षा निकायको हवल्दार सरहको पदबाट सेवा निवृत्त भएको,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(२) **नगर** प्रहरी हवल्दारको योग्यता देहाय बमोजिम हुनेछ :

(क) उमेर हद १८ बर्ष पुरा भइ ४०बर्ष ननाघेको नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विद्यालयबाट कम्तिमा १० (दश) कक्षा वा सो सरह उत्तीर्ण गरेको,

(ग) सुरक्षा निकायमा कम्तिमा ५ बर्ष अनिबार्य सेवा गरेको,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(३) प्रहरी जवानको योग्यता देहाय बमोजिम हुनेछ :

(क) उमेर हद १८ बर्ष पुरा भइ २५ बर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विद्यालयबाट कम्तिमा ८ (आठ) कक्षा उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(४) उपदफा (१), (२) र (३) बमोजिमका पदहरुमा महिलाको लागी घटीमा ५फिट र पुरुषको लागी घटीमा ५फिट २ इन्च उचाई भएको,

(५) उपदफा (१), (२) र (३) बमोजिमका पदहरुमा पुरुषको हकमा छाती नफुलाउँदा घटीमा३१इन्च र फुलाउँदा ३३इन्च भएको,

(६) महिलाको हकमा कम्तिमा ४५किलो पुरुषको हकमा कम्तिमा ५०किलो तौल भएको,

(७) उपदफा (१), (२) र (३) बमोजिमका पदको लागि आँखा माइनस २ वा प्लस२ भन्दा बढी कमजोर नभएको र शरीरमा कुनै अंगभंग नभएको हुनुपर्ने,

(८) उपदफा (१), (२) र (३) बमोजिमका पदको लागि स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र

पाएको ।

उपदफा (१), (२) र (३) बमोजिमका पदको लागि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य हुने गरी कुनै सेवाबाट बर्खास्तन भएको;

१०.**दान उपहार लिन नहुने :** नगरप्रहरीले कुनै स्वदेशी वा विदेशी संघसंस्था, निकाय वा व्यक्तिबाट कुनै प्रकारको नगद वा जिन्सी दान, बकस, कोसेली वा उपहार स्वीकार गर्नु हुँदैन ।

११. **व्यापार व्यवसाय वा अन्य काम गर्न नहुने:** नगर प्रहरीले पदमा बहाल रहेको अवधिमा कार्यालयको पूर्व स्वीकृति बिना कुनै पनि व्यापार, व्यवसाय गर्न वा अन्य निकायमा कुनै काम गर्न हुँदैन ।

१२. **गोपनियता कायम राख्नु पर्ने:** (१) नगर प्रहरीले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्राप्त गरेको कानून बमोजिम गोप्य राख्नुपर्ने जानकारी प्रत्यक्ष वा परोक्ष रुपमा कुनै व्यक्ति वा संस्थालाई उपलब्ध गराउनु हुँदैन ।

(२) नगर प्रहरीले प्रमुख प्रशासकीय अधिकृतको अनुमति नलिई कुनै साहित्यीक, कलात्मक, ऐतिहासिक वा साँस्कृतिक लेख बाहेक कुनै रेडियो, पत्रपत्रिका लगायतका सञ्चार माध्यम वा सामाजिक सञ्जालबाट आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी रुपमा कुनै लेख रचना प्रकाशित गर्न वा अन्तरवार्ता दिनु हुँदैन ।

(३) उपदफा (२) बमोजिम स्वीकृति लिएर लेखेको लेख, रचना वा अन्तरवार्ताको विवरण प्रकाशन वा प्रशारण पश्चात नगरपालिकामा उपलब्ध गराउनु पर्दछ ।

(४) नगरप्रहरीले कुनै पनि प्रकारले नगरपालिका वा यसका पदाधिकारी वा कर्मचारीहरुको व्यक्तिगत प्रतिष्ठामा आँच आउने गरी आलोचना गर्ने वा विचार व्यक्त गर्ने गराउने कार्य गर्नु हुँदैन ।

१३. **निर्वाचनमा भाग लिन नहुने:** (१) नगर प्रहरीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा कसैका लागि मत माग्न,वा निर्वाचनमा प्रभाव पर्ने गरी विचार व्यक्त गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरप्रहरीले कानून सम्मत रुपमा आफ्नो मताधिकार प्रयोग गर्न कुनै बाधा पर्ने छैन ।

१४. **राजनीतिमा भाग लिन नहुने:** नगरप्रहरीले कुनै पनि राजनैतिक दल र तिनका भातृ संगठनको सदस्य बन्न, राजनैतिक संगठनलाई चन्दा दिन अथवा कुनै राजनीतिक दलको आन्दोलनलाई सहयोग गर्न वा अन्य यस्तै राजनैतिक क्रियाकलापमा सहभागी हुनु हुँदैन ।

१५. **समयपालन र नियमितता:** (१) नगर प्रहरीले ठीक समयमा नियमित रुपमा आफ्नो काममा हाजिर हुनु पर्दछ ।

(२) कुनै कारणवश समयको पालन गर्न नसक्ने अवस्थामा आफ्नो सुपरीवेक्षकलाई समयमा नै जानकारी गराई स्वीकृति लिनु पर्नेछ ।

(३)नगरपालिकाले नगर प्रहरीलाई जुनसुकै बखत काममा खटाउन सक्नेछ ।

१६. **अनुशासनको पालना:** (१) नगर प्रहरीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको काममा आदेशको श्रृङ्खला (चेन अफ कमाण्ड) अन्तर्गत रही आफू भन्दामा थिल्लो तहको कर्मचारीले दिएको आदेशको तत्परताका साथ पालना गर्नु पर्नेछ ।

(३) नगरप्रहरीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा लैंगिक सम्बेदनशील हुनु पर्नेछ । प्रचलित कानुनको बिपरित हुनेगरी विवाह गर्न, यौनजन्य दुर्व्यवहार गर्न र अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सो का लागी आवेदन दिनु हुँदैन ।

(४) नगरप्रहरीले आत्म रक्षाको लागि अत्यावश्यक भएमा बाहेक कसैलाई पनि हातपात गर्न वा कुनै प्रकारको आक्रमण गर्ने कार्य गर्नु हुँदैन ।

(५) नगर प्रहरीले कार्यालयको काममा खटिएको बखत मादक पदार्थ सेवन गर्नु हुदैन,

(६) कुनै नगर प्रहरीले आफु भन्दा माथिल्लो वा मातहतको प्रहरी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउनु हुदैन ।

(७) नगर प्रहरीले आफ्नो कर्तब्य पालनाको सिलसिलामा कसैलाई पनि यातना दिनु हुदैन ।

१७. **तालिम सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले नगर प्रहरीलाई तोके बमोजिमको तालिम उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद–५
## बिदा सम्बन्धी ब्यवस्था

१८. **बिदा:** (१) नगर प्रहरीले नगरपालिकाका करार सेवाका अन्य कर्मचारीले पाए सरहका बिदाहरू पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको बिदा अधिकारको रुपमा नभई सुविधाको रुपमा प्रयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बिदा बस्दा काबु बाहिरको परिस्थिति उत्पन्न भएमा बाहेक नगरप्रहरीले आफ्नो सुपरीवेक्षकको सिफारिशमा सम्बन्धित अधिकारीबाट पूर्व स्वीकृति लिएर मात्र बिदामा बस्नु पर्नेछ ।

(४) बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरीलाइ गयल कट्टी गर्न सकिनेछ ।

## परिच्छेद–६
## कसूर तथा सजाय सम्बन्धी ब्यवस्था

१९. **कसूर गरेको मानिनेः** यस ऐन बमोजिम देहायको काम गर्ने गराउनेलाई कसूर गरेको मानिनेछः

(क) ऐनको दफा ६ बमोजिमको काम कर्तब्य र अधिकारको पालना नगरी अधिकारको दुरुपयो गगरेमा,

(ख) ऐनको दफा १०देखि १६सम्मका आचारणहरु पालना नगरेमा,

(ग) ऐनको दफा १८ मा ब्यवस्था भएको बिदाको दुरुपयोग गरेमा,

(घ) करार बमोजिम कार्यसम्पादन नगरेमा ।

(ङ) प्रचलित कानुन बमोजिम फौजदारी कसुर गरेमा,

२०. **सजाय:**(१) नगर प्रहरीले यस ऐन अनुरुप दिइएको आदेश अनुसारको कार्य नगरेमा वा गर्नुपर्ने कार्य नगरी वा नगर्नु पर्ने कार्य गरी नगरपालिका वा कुनै ब्यक्ति वा संस्थालाई हानी पुग्न गएमा कसूरको मात्रा र असर हेरी सम्बन्धित अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) सचेत गराउने,

(ख) नसिहत दिने;

(ग) निलम्बन गर्ने,

(घ) नगरपालिकालाई कुनै हानी नोक्सानी भएकोमा विगो बमोजिमको रकम असूल उपर गर्ने,

(ङ) करार भङ्ग गरी सेवाबाट बर्खास्त गर्ने ।

(२) नगर प्रहरीले गरेका कार्य अन्य नेपाल कानून बमोजिम पनि सजाय हुन सक्ने भएमाउपदफा (१) बमोजिमको सजायका अतिरिक्त ति कानून अन्तर्गत मुद्दा चलाउन कुनै बाधा पर्ने छैन ।

२१. **मुद्दा हेर्ने अधिकारी:** (१)नगर प्रहरी सम्बन्धी विषयमा आवश्यक छानवीन गर्ने, गराउने र सजाय निर्धारण गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ तर दफा २०को उपदफा(१) (ङ) बमोजिमको सजाय प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(२) सजायको निर्णय गर्नु अघि सम्बन्धित नगर प्रहरीलाई सफाइको मौका दिइनेछ ।

(३) सजाय गर्ने अधिकारीले आरोपित नगर प्रहरीसँग लिखित स्पष्टिकरण माग गरी तोकिएको अवधि भित्र जवाफ नआए वा चित्तबुझ्दो जवाफ नआएमा आवश्यकता अनुसार स्वंम वा अन्य कुनै अधिकृतद्वारा छानवीन गराउन सक्नेछ । छानबीन गरिएकोमा छानबीन प्रतिवेदनको आधारमा उपयुक्त सजाय दिईनेछ ।

(४) छानबीनबाट दोषी ठहरिई कारवाही गरेकोमा सो कारवाहीको अभिलेख कार्यालयमा राख्नुका साथै सम्बन्धित नगर प्रहरीलाई पनि त्यसको लिखित जानकारी गराउनु पर्नेछ ।

(५) अनुसन्धान तथा छानवीन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **पुनरावेदन सम्बन्धी ब्यवस्थाः** ऐनको दफा २० बमोजिम भएको सजाय उपर चित्त नबुझेमा सम्बन्धित नगर प्रहरीले ३५दिनभित्र नगर कार्यपालिका र दफा २० को उपदफा (१) (ङ) को हकमा नगर सभामा पुनरावेदन दिन सक्नेछ ।

२३. **अनिबार्य अवकाश :** नगर प्रहरीको अनिबार्य अवकाश सम्बन्धी व्यवस्था संघीय प्रहरी कानुनमा समान स्तरको पदको लागी व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## विविध

२४. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाइ प्राप्त अधिकार आफु मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

२५. **करारको समाप्ति:** (१) यो ऐन बमोजिम नगर सभाले कुनै पद/दरबन्दी खारेज गरेको अवस्थामा सो पदमा रहेका नगर प्रहरीसँगको करार स्वत:समाप्त भएको मानिनेछ ।

(२) नगर प्रहरीले करार सम्झौता अन्त्य गर्न चाहेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष एक महिना अगावै लिखित सूचना दिई करारको अन्त्य गर्न सक्नेछ ।

(३) करार बमोजिम कार्य सम्पादन गर्न नसकेको भनी सम्बन्धित शाखा प्रमुखको सिफारिस भएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानवीन गरी सफाईको मौका दिएर कुनै पनि समय करारको अन्त्य गर्न सक्नेछ ।

२६. **पोशाक सम्बन्धी ब्यवस्था:** (१) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) नगर प्रहरीलाई मौसम अनुसारको पोशाक, दर्ज्यानी चिन्ह र आवश्यक उपकरणहरु उपलब्ध गराईनेछ ।

२७. **पुरस्कार तथा प्रोत्साह नदिने:** (१) उदाहरणीय काम गर्ने नगर प्रहरीलाई कार्यपालिकाले निर्णय गरी उचित सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) पुरस्कार तथा सम्मान सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **पदपूर्ति सम्बन्धि ब्यवस्था:-** यस ऐन बमोजिम नगर प्रहरी स्थायी रुपमा पदपूर्ति गर्नु पर्ने भएमा प्रदेश लोक सेवा आयोगमा पदपूर्तिका लागी लेखि पठाउन सकिनेछ ।

२९. **प्रचलित कानुन बमोजिम हुने:** (१)यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र नलेखिएको हकमा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनका कुनै दफा प्रचलित संघिय वा सुदुर पश्चिम प्रदेश कानुनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने र संघीय तथा प्रदेश कानूनका प्रावधानहरु लागु हुनेछन ।

३०. **नियम बनाउनेः** यो ऐन कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्डर आचार संहिता बनाई जारी गर्न सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत